# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चन्द्रकोट गाउँपालिका, गुल्मी , छत्रकोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | इन्द्र बहादुर क्षेत्री | २०७८-७-२८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | अनन्तपाणी मरासिनी | २०७८-४-१ | २०७८-७-८ |
| लेखा प्रमुख | बशन्त रिजाल | २०७८-४-१ | |
| | | बेरुजु रकम | २८,७९३,४४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>परिचय—स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चन्द्रकोट गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु चन्द्रकोट गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १०५.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७५१ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणको उद्देश्य**<br>स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । | |
| ३ | | | **वित्तीय व्यवस्था** | |

**यस वर्ष गाउँपालिकाको सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४९,१०,३३,१६५.५५ | ४८,११,३०,३२८.५७ | | ४८,११,३०,३२८.५७ | ४८,५१,२३,६८२.४१ | | ४८,५१,२३,६८२.४१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४८,३२,२६,२८१ | ४७,३६,४७,८०१.०२ | ० | ४७,३६,४७,८०१.०२ | ४६,७६,१४,९६८.९७ | ० | ४६,७६,१४,९६८.९७ |
| ११००० कर | ११ | ८,१२,३३,२८१ | ७,९३,२३,७५६.२५ | ० | ७,९३,२३,७५६.२५ | ६,८५,०५,२०१.५६ | ० | ६,८५,०५,२०१.५६ |
| १३००० अनुदान | | ३९,६३,७३,००० | ३८,६३,३७,००० | ० | ३८,६३,३७,००० | ३८,८९,१४,६२० | ० | ३८,८९,१४,६२० |
| संघीय सरकार | १२ | ३६,२१,८५,००० | ३५,२१,४९,००० | ० | ३५,२१,४९,००० | ३३,८३,५०,६२० | ० | ३३,८३,५०,६२० |
| प्रदेश सरकार | १२ | ३,४१,८८,००० | ३,४१,८८,००० | ० | ३,४१,८८,००० | ५,०५,६४,००० | ० | ५,०५,६४,००० |
| १४००० अन्य राजस्व | | ५६,२०,००० | ७९,८७,०४४.७७ | ० | ७९,८७,०४४.७७ | १,०१,९५,१४७.४१ | ० | १,०१,९५,१४७.४१ |
| ख. अन्य प्राप्ति | | ७८,०६,८८४.५५ | ७४,८२,५२७.५५ | | ७४,८२,५२७.५५ | १,७५,०८,७१३.४४ | | १,७५,०८,७१३.४४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ७८,०६,८८४.५५ | ५८,०६,६७७.५५ | ० | ५८,०६,६७७.५५ | १,३४,९३,००३.०५ | ० | १,३४,९३,००३.०५ |
| धरौटी | | ० | १६,७५,८५० | ० | १६,७५,८५० | ४०,१५,७१०.३९ | ० | ४०,१५,७१०.३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५१,४७,४४,३३८.५५ | ४२,२३,६५,२९३.६० | | ४२,२३,६५,२९३.६० | ४३,५५,१४,०४७.२१ | | ४३,५५,१४,०४७.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,६९,३७,४५४ | ४१,८३,५७,२८८.७९ | | ४१,८३,५७,२८८.७९ | ४२,३७,९६,७८२.७१ | | ४२,३७,९६,७८२.७१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,८२,१३,९६० | १८,१५,८७,४१४.३१ | ० | १८,१५,८७,४१४.३१ | १४,४५,६६,५०९.४२ | ० | १४,४५,६६,५०९.४२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,९७,८१,९९४ | ५,६७,४८,४०३.७७ | ० | ५,६७,४८,४०३.७७ | ९,७४,३९,४०८.७५ | ० | ९,७४,३९,४०८.७५ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ७,४२,५०० | ० | ७,४२,५०० |
| २६००० अनुदान | १८ | ४,३२,०३,००० | ३,९१,८७,७४४.८७ | ० | ३,९१,८७,७४४.८७ | २,४९,५५,०३६ | ० | २,४९,५५,०३६ |
| २७००० सामाजिक सुरक्षा | १८ | १,००,१०,००० | ५८,४६,१०१ | ० | ५८,४६,१०१ | १,०५,८२,६७९ | ० | १,०५,८२,६७९ |
| २८००० अन्य खर्च | १८ | ३२,६८,००० | २३,१०,५५५ | ० | २३,१०,५५५ | २५,५३,८०३ | ० | २५,५३,८०३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,२४,६०,५०० | १३,२६,७७,०६९.८४ | ० | १३,२६,७७,०६९.८४ | १४,२९,५६,८४६.५४ | ० | १४,२९,५६,८४६.५४ |
| घ. अन्य भूक्तानी | | ७८,०६,८८४.५५ | ४०,०८,००४.८१ | | ४०,०८,००४.८१ | ४३,५५,१४,०४७.२१ | | ४३,५५,१४,०४७.२१ |
| कोषहरु | | ७८,०६,८८४.५५ | २६,७४,४०० | ० | २६,७४,४०० | १,०४,५१,८६४.५० | ० | १,०४,५१,८६४.५० |
| धरौटी | | ० | १३,३३,६०४.८१ | ० | १३,३३,६०४.८१ | १२,६५,४०० | ० | १२,६५,४०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,३७,११,१७३) | ५,८७,६५,०३४.९७ | | ५,८७,६५,०३४.९७ | ४,९६,०९,६३५.२० | | ४,९६,०९,६३५.२० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,६९,४९,६३३.३९ | | २,६९,४९,६३३.३९ | ४,८८,१५० | | ४,८८,१५० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,३७,११,१७३) | ८,५७,१४,६६८.३६ | | ८,५७,१४,६६८.३६ | ५,००,९७,७८५.२० | | ५,००,९७,७८५.२० |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ८,५७,१४,६६८.३६ | | ८,५७,१४,६६८.३६ | ६,५६,३४,०४५.२० | | ६,५६,३४,०४५.२० |

**स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः**

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूेण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुन निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनसुार सत्रु र एकीकृत विवरणमा फरक परेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विवरण</th><th>म.ले.प.फा.नं. २७२</th><th>एकीकृत आय व्यय विवरण</th><th>फरक</th></tr>
<tr><td>गत वर्षको अल्या</td><td>२६९४९६३३.३९</td><td>२९९५६५१८.३९</td><td>३००६८८५</td></tr>
<tr><td>यस वर्षको आम्दानी</td><td>४८११३०३२८.५७</td><td>६४९४१६४८७.६१</td><td>(१६८२८६१५९.०४)</td></tr>
<tr><td>यस वर्षको खर्च</td><td>४२२३६५२९.६०</td><td>६३८५४९०४५.५२</td><td>(५९६३१२५१५.९२)</td></tr>
<tr><td>बाँकी मौज्दात</td><td>८५७१४६६८.३६</td><td>४०८२३९६०.४८</td><td>४४८९०७०७.८</td></tr>
</table>
लेखा प्रणाली सुत्रबाट सजृना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबैआय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।म.ले.प.फा.नं. २७२ अनुससार एकीकृत आय व्यय विवरणमा बढी रहेको बाँकी मौज्दात रु ४४८८९०७०७.८८ को हिसाब मिलान हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति: पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>८</td><td>८</td><td>२</td><td>६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्ययिता तथा प्रभावकारिता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | सूचना प्रविधि पद्दतिः - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ४५७२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ साथै सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल र म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरी विद्युतीय प्रणाली प्रयोगकर्ता सम्बन्धी विवरणलाइ अध्यवधिक गर्नु पर्दछ । | |
| ४.५ | | | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु. १०३५५०८.१९ र पुँजीगत खर्च खातामा रु. २६५२९९५.१६ मौज्दात रहेकोमा २०७९ साउन २९ गते रु. ३४११०९७७.४० मा संचित कोषमा ट्रान्सफर गरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br>• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br>• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्युटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा २१ रिक्त रहेको पाइयो । त्यसै गरी स्वस्थ्य तर्फ ३५ दरबन्दी रकेकोमा १९ दरबन्दी मात्र पूर्ति भइको छ ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. ८९०६२०२७४।- तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन ।<br>• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।<br>• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ५.१ | | | **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ५ नियमावली,५८ वटा कार्यविधि, १ निर्देशिका र १ नर्मस समेत लगायत ९० वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायिक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको ९ गरी कुल १० विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| ६.१ | | | आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. 88 लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७8।79 मा रु. 1 करोड ३७ लाख ५५ हजार अर्थात अनुमान भन्दा १५७ प्रतिशत बढी आय प्राप्त गरेको छ । | |
| ६.२ | | | आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ३००८०५२१८ ; आन्तरिक आय: १३७५५००० ; आन्तरिक आय प्रतिशत: ४.५७<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३००८०५२१८ | १३७५५००० | ४.५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | ११,००,००० | १५,९४,११९ | १४४.९१ |
| ११३२१ घरवहाल कर | ५,००,००० | ११,५९,१०२ | २३१.८२ |
| ११३२२ वहाल विटौरी कर | ६,८०,००० | २,५२,२६९ | ३७.१ |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ९,००,००० | १०,०४,९५१ | १११.६६ |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ३८,००,००० | ३२,९०,४२४ | ८६.५९ |
| १४२४३ सिफारिश दस्तुर | १,००,००० | १५,९२,८४६ | १५९२.८५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,५०,००० | ४,०९,८०० | २७३.२ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ७०,००० | ४,८७,४८८ | ६९६.४१ |
| १४२४९ अन्य दस्तुर | १५,००,००० | २२,०६,४८६.७७ | १४७.१ |
| जम्मा | 8800000 | 11997486 | |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ६.५ | | | व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १० लाख ५ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ६.६ | ७३ | | बहाल करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । तर उक्त व्यवस्था वाहेकको पालिकाले पटके रूपमा असुल रू. ४२९७९।- गाउँपालिकको संचित कोषमा जम्मा गरेको रकम संघीय संचित कोष खातामा दाखिला गर्नु पर्ने रू. | ४२,९७९ |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.१</td><td></td><td></td><td>बैंक हिसाब – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण स्रेस्तामा भन्दा बैंकमा रू. 45932216।- बढी भएकोले मे.ले.प.फा. नं. २१२ को ढाँचामा बैंक हिसाब मिलान विवरण गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>हिसाब मिलान गरेको रकम</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचित कोष</td><td>25400474.72</td><td>30422474.72</td><td>5022000</td><td>0</td></tr>
<tr><td>२</td><td>विविध कोष खाता</td><td>200000</td><td>200000</td><td></td><td>1049092.1</td></tr>
<tr><td>३</td><td>आकस्मिक कोष खाता</td><td>0</td><td>0</td><td>0</td><td>0</td></tr>
<tr><td>४</td><td>पूँजीगत खाता</td><td>5553151.07</td><td>6602243.16</td><td></td><td>39861124</td></tr>
<tr><td>५</td><td>धरौटी खाता</td><td>3580705.88</td><td>3580705.88</td><td>0</td><td>0</td></tr>
<tr><td>६</td><td>चालू खाता</td><td>3159610</td><td>43020734.25</td><td></td><td>1049092.1</td></tr>
<tr><td>७</td><td>विपद व्यवस्थापन कोभिड</td><td>2920484.55</td><td>2920484.55</td><td></td><td>0</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>40814426.2</td><td>86746642.6</td><td>5022000</td><td>45932216</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने, आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.४ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २३३८९००० | १८३७६७३ | ४.३९ |
| सामाजिक क्षेत्र | २४१४२६५०० | २०७६९८६९० | ४९.६५ |
| पूर्वाधार विकास क्षेत्र | ६८,८३२,००० | ५८४८६२२८ | १३.९८ |
| वित्तीय व्यवस्थापन र सुशासन | १५७९०००० | १३११९५२४ | ३.१४ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १५७४९९९५४ | १२०६७६११४ | २८.८५ |
| जम्मा | ५०६९३७४५४ | ४१८३५७२८९ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४९.६५ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासनमा ३.१४ प्रतिशत बजेट विनियोजन गरेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपूरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेकोरकम संघीयको सरकारको रु. 39147015.98 र प्रदेश सरकारको मिति रु ५७४१४३४.०८ समेत जम्मा रु 44888450.06 फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी /फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 252749000 | 213601984 | 39147015.98 |
| | विषेश | 0 | 0 | |
| | समपुरक | 0 | 0 | |
| | अन्य | 0 | 0 | |
| प्रदेश सरकार | शसर्त | 8544000 | 8124756 | 419244 |
| | विषेश | 6000000 | 5181431 | 818569 |
| | समपुरक | 15000000 | 10496378.92 | 4503621.08 |
| | अन्य | 0 | 0 | 0 |
| | जम्मा | 282293000 | 237404549.9 | 44888450.06 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ८ | | | **आर्थिक सहायता** | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.५ लाख ६२ हजार खर्च गरेको छ । | |
| ८.२ | | | आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ९ लाख १६ हजार आर्थिक सहायता, चन्दा, पुरस्कार वितरण गरेका छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| ९ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ९.१ | | | सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ९.२ | | | सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | ४२५-२०७९।४।२४ लागत अनुमानः– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११(२) मा त्यस्तो लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारी गरेको दररेट लगायतका कुरालाई आधार लिनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कृषक समुहहरूलाई ५० प्रतिशत अनुदानमा मिनी टिलर, कुटानी पिसानी मिल, थ्रेसर, चापाकटर वितरण गर्न अष्टदिप एग्रो इन्जिनियरिङ्ग सेल्सबाट रू. १८९१५००।– मा देहाय अनुसार कृषि सामग्री खरिदमा गरेको छ । यसरी खरिद भएका सामग्री लागत अनुमान र स्पेसिफिकेशको आधार बेगर खरिद गर्दा मालसामानको गुणस्तर कायम नहुने र थप व्ययभार समेत पर्दछ । तसर्थ नियमावलीको उपर्युक्त प्रावधान अनुसार निश्चित आधार एवं मापदण्डको आधारमा मालसामानको लागत अनुमान गरी स्पेशिफिकेसन वमोजिमको सामान प्राप्त गर्नु पर्दछ । लागत अनुमान तयार नगरी ५० प्रतिशत अनुदानमा खरिद भएका कृषि सामग्री उदाहरण देहाय अनुसार छन्ः–<br><table><tr><td>सामानको नाम</td><td>संख्या</td><td>दर</td><td>भुक्तानी रकम</td></tr><tr><td>मिनी टिलर</td><td>३२</td><td>६७०००</td><td>२१४४०००</td></tr><tr><td>मिनी मिल</td><td>२९</td><td>३९०००</td><td>११३१०००</td></tr><tr><td>थ्रेसर</td><td>४</td><td>७००००</td><td>२८००००</td></tr><tr><td>चापाकटर</td><td>६</td><td>३८०००</td><td>२२८०००</td></tr></table> | |
| १० | | | **वित्तीय विवरण सम्बन्धमा** | |
| १०.१ | | | **वित्तीय विवरण**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू. 50,22000।– ले फरक देखिएको छ ।गाउँपालिकाले बैंक समायोजन हिसाब तयार गरी चेक साट्न वाँकी रहेको विवरण तयार गरी हिसाब फरक परेको कारण पेश गरेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु. १०३५५०८.१९ र पुँजीगत खर्च खातामा रु. २६५२९९५.१६ मौज्दात रहेकोमा २०७९ साउन २९ गते रु. ३४११०९७७.४० मा संचित कोषमा ट्रान्सफर गरेको गरेको छ । तोकिएको अविधि बचत भित्र संचित कोषमा ट्रान्सफर गर्नु पर्दछ । | |
| १०.३ | | | बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोड २६ लाख ७७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १०.४ | | | वितरणको भर्पाइः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(४) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ ।गाउँपालिकाले २०७९।३।१४ कोभिड लक्षित किसानको लागि संरक्षण योजना अर्न्तगत खरिद भएको अमेरिकन फन्किकिरा तथा गवारो नियन्त्रणको लागि किसान भेटनरी, वुटवलबाट खरिद भएको विषादी वितरण भएको नदेखिएकोले वितरणको भर्पाई पेश हुनु पर्ने रु | १२५,०५० |
| १०.५ | | | परामर्श सेवाको लागत अनुमानः सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा उपनियम २ अनुसारको प्रकृया उल्लेख छ ।सार्वजनिक खरिद ऐन,२०६३ दफा १ (क) मा सम्वन्धित सार्वजानिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ ।गाउँपालिकाले गाउँपालिकाको ५ वर्षे आवधिक योजना निर्माणकोलागि रु २० लाख वजेट विनियोजन गरी ३५७।०७९।१।७ वाट रु १९६६२०० अलाना इन्टरनेसनल लाई नन फाइलर भ्याट बील राखी भुक्तानी दिएको देखिन्छ ।परामर्श सेवाको लागत अनुमान नियम अनुसार बनाएको छैन र परामर्श दाताले प्राविधिक प्रस्ताव अनुसार प्रतिवेदन तयार नगरेको र तयार भएको योजना गाउँपालिकाको लागि उपलव्धि मुलक भएको नदेखिएकोले अनियमित देखिएको रू. | १,९६६,२०० |
| १०.६ | | | बढी भुक्तानीः गाउँपालिका र चक्रेश्वर स्मार्ट कृषि गाँउ बाख्रा तथा तरकारी पकेट समुह चन्द्रकोट ३,४ र ६ हरेवालाइ जमुना पारी वाख्रा खरिद र वाख्राको खोर निर्माण कार्यक्रमको लागि ८५ प्रतिसत गाउँपालिका र १५ प्रतिशत उपभोक्ताको सहभागीता रहने गरी सम्झौता भएका छ ।वाख्राको खोर निर्माणमा सहभागिता कट्टि गरी रु ५१४५००।००, जमुना पारी २५ बाख्रा प्रति वाख्रा रु १७५०० यस के गोट फ्रमवाट रु ४३७५०० खरिदमा ८५ प्रतिशत रु ३७१८७५ र ढुवानी रु १२५०० गरी रु ८९८८७५।०० भुक्तानी हुनु पर्नेमा ५६६।०७९।३।२१ वाट कर कट्टि गरी रु ९८४६२५।०० भुक्तानी भएको छ ।वढि भुक्तानी भएको रु ८५७५० अशुल हुनु पर्दछ ।<br><br>क्रम: १०.६.१ — कर्मचारीको/फर्म/संगठन नाम: चक्रेश्वर स्मार्ट कृषि गाँउ बाख्रा तथा तरकारी पकेट समुह — असुली रकम: ८५,७५० | ८५,७५० |

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| १०.६.१ | चक्रेश्वर स्मार्ट कृषि गाँउ बाख्रा तथा तरकारी पकेट समुह | ८५,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ११ | | | **सेवाप्रवाह**<br>**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २५ वटा ऐन र ५८ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ८३६ वटा, मृत्यु दर्ता २५९ वटा, बसाइँसराइ २४० वटा, विवाह दर्ता ३५६ वटा, सम्बन्ध विच्छेद दर्ता ११ वटा गरेको विवरण प्राप्त भएको छ । कालोपत्रे सडक ० मि., ग्राभेल सडक निर्माण सडक २२६४। १८ मि. रहेको छ । | |
| १२ | | | **बजेट तथा कार्यक्रम कार्यान्यन** | |
| १२.१ | | | **बजेट तथा कार्यक्रमः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम नगरेको छ । यस स्थानीय तहमा मिति २०७८।३।१० गते रू. ४६ करोड ६ लाख ३१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १२.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **कार्यक्रमहरू कार्यान्वियन नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि रू. ४७ करोड ५१ लाख ५२ हजारको बजेट पारित गरेको छ। बजेटमा समावेश भएका कुल ८८८ बटा कार्यक्रम मध्ये यस वर्ष १८२ वटा कार्यक्रमहरू कार्यान्वियन गरेको पाइएन। कार्यान्वियन नभएका रू. ५ लाख भन्दा माथिका कार्यक्रमहरू देहाय अनुसार छन्। | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन रु. |
|---|---|---|---|---|
| १ | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण | २७२१२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ३०१० |
| २ | प्रारम्भिक बालविकास सहजकर्ताहरको पारिश्रमिक | २११११ | नेपाल सरकार - शसर्त अनुदान चालु | १९७२ |
| ३ | अनिबार्य दायित्व लागत साझेदारी | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०० |
| ४ | कफीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | १२०० |
| ५ | कर्मचारी तालिम खर्च | २२५११ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.४ | | | **नीति तथा मार्गदर्शन:** गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति तथा मार्गदर्शन २०७८ असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन। गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरुको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ। नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्:<br>• हरेक वडामा एक वटा सुविधा सम्पन्न स्वास्थ्य संस्था स्थापनाको लक्ष्य पुरा गर्ने • समाजमा व्याप्त बालिववाहको रोकथामको लागि बालक्लव गठन गरी उनीहरूको कृयाशिलता बढाउने • जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने र यसका लागि आवश्यक पूर्वाधार तयार गर्ने • घर दर्ता गर्न प्रोत्साहित गर्ने र यसका लागि आवश्यक पूर्वाधार तयार गर्ने • नक्सापास व्यवस्था लागू गर्ने • सडक, नदी, ढल क्षेत्राधिकार तोकी सोही मापदण्ड अनुरूप भवन निर्माण कार्य अघि बढाउने • गाउँपालिकाको विपद् कार्य योजना तयार गर्ने • एक युवा एक उद्यमी कार्यबक्रम सञ्चालनमा ल्याउने • कृषकलाई सहुलियतपूर्ण ऋण तथा अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने • बडीगाढ नदीमा बोटिङको सम्भाब्यता अध्ययन गर्ने • गाउँपालिकाको सिमानाहरूमा सिमाना संकेत निर्माण गर्ने | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.५</td><td></td><td></td><td>प्रगति प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार विनियोजत बजेटबाट भएको खर्चको आधारमा भएको प्रगति देहाय अनुसार छ ।<br><br>
<table>
<tr><td>कार्यक्रम/योजना</td><td>कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td></td><td></td><td>शून्य प्रगति</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>७९३</td><td>९०</td><td>१६</td><td>१९</td><td>३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२.६</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १३ करोड २६ लाख ७७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १० लाख ६१ हजार अर्थात ०.८० प्रतिशत, दोस्रो त्रैमासिकमा ९८ लाख १६ हजार अर्थात ७.४० प्रतिशत तेस्रो त्रैमासिकमा रु. ३ करोड ३८ लाख ३४ हजार अर्थात २५.५० प्रतिशत र चौथो त्रैमासिकमा रु. ८ करोड ७९ लाख ६६ हजार अर्थात ६६.३० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ६ करोड २६ लाख ३४ हजार अर्थात ४७.२१ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।<br><br>
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>कुल खर्च</td><td></td><td colspan="4">त्रैमासिक खर्च</td></tr>
<tr><td></td><td></td><td>प्रथमत्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>तेश्रो त्रैमासिक</td><td>चौथो त्रैमासिक</td><td>असार महिना</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>132677</td><td>1061</td><td>9816</td><td>33834</td><td>87966</td><td>62634</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>0.8</td><td>7.4</td><td>25.5</td><td>66.3</td><td>47.21</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.७ | | | **योजना छनोट र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>विवरण / रु १ लाख सम्म / रु १ लाख देखि २ लाखसम्म / रु २ लाखदेखि ५ लाखसम्मका / रु ५लाख देखि १० लाखसम्मका / रु १० लाखभन्दा बढीको / जम्मा<br>योजना संख्या / 387 / 142 / 127 / 61 / 76 / 793<br>जम्मा रकम / 26698 / 24020 / 47199 / 48372 / 360649 / 506937<br>प्रतिशत / 5.26 / 4.73 / 9.31 / 9.54 / 71.14 / 100<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा 793 वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र 387 वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १२.८ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ७ पदमा ९९ जना कर्मचारीहरु करारमा राखि रु २६११९६७४.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१५०९०५५.०० भुक्तानी गरेको अनियमित दिखएको रु. | १,५०९,०५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **भ्रमण खर्च सम्बन्धमा**<br>भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ | |
| १५ | | | **कल्याण कोष**<br>कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवासर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **वितरणमुखी कार्यक्रम**<br>वितरणमुखी कार्यक्रम – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ व २०७८।७९ को पुँजीगत बजेट शीर्षकबाट भाडाकुडा, फर्निचर, साउन्ड सिस्टम वितरण गर्ने कार्यक्रममा देहाय अनुसार रु ३२ लाख ९ हजार खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, वितरण भएका सामग्रीको सदुपयोग नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्ने हुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् । | |

| भौ.नं. र मिति | लाभग्रहीको नाम | विवरण | रकम |
|---|---|---|---|
| २३४-२०७८।१२।२९ | दह ओखरबोटे आमा समुह | फर्निचर, भाडाकुडा | ९९७०९ |
| २१७-२०७८।१२।१७ | उदय शान्ति युवा क्लव | साउन्ड सिस्टम | ९९३०९ |
| १९६-२०७८।१२।१० | पिपलरुख आमा समुह | फर्निचर, भाडाकुडा | ११८८६३ |
| १६१-२०७८।११।२३ | समाजसेवा आमा समुह | फर्निचर | ४४९१० |
| १५९-२०७८।११।२३ | क्वाङ्दी तथा अर्जेवा झरना आमा समुह | फर्निचर | ९९७८४ |
| १५८-२०७८।११।२३ | जनहित युवाक्लब | साउन्ड सिस्टम | ९९००० |
| १४६-२०७८।११।२२ | नबदुर्गा आमासमुह | फर्निचर | ५०००० |
| ४२३-२०७९।३।२२ | सिर्जनशील युवा क्लव झार खर्क | खेलकुद सामग्री | ४९२०० |
| ४२५-२०७९।४।२४ | विभिन्न कृषक समूह (५० प्रतिशत अनुदान) | मिनिटिलर ३२, च्यापकटर ६ थ्रेसर ४ र मिनी मिल २९ | १८९१००० |
| ४०८-२०७९।३।२२ | ३६ घर परिवार | विद्युत मिटर, तार | ३५८९०० |
| ३००-२०७९।२।१८ | वजेनी, देवलधारा काप्राबोट किउँ दलितटोल आमा समुह | भाडाकुडा | ९९८०२ |
| २८४-२०७९।१।१९ | मजुवा प्रगतिशील आमा समुह | फर्निचर | 98200 |
| २८३-२०७९,१।१६ | राम आश्रम आमा समुह | फर्निचर | 100000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कन्टिन्जेन्सी खर्च**<br>कन्टिन्जेन्सी खर्चको अभिलेख: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बीलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७8/७9 मा कन्टिन्जेन्सी बापत रु 3181215 कट्टी गरेको छ । उक्त रकम मध्ये रू. 30 लाख 8 हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| १८ | | | **कोभिड १९ तर्फ** | |
| १८.१ | | | प्राप्त रकम र खर्चः कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असार मसान्तसम्म स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको रू. २० लाख प्राप्त भएको विवरण पेश गरेको छ भने कोभिड प्रकोप न्यून भभएको कारण उक्त रकम खर्च नभई विपद् व्यवस्थापन कोषमा आम्दानी बाँधेको छ । | |
| १८.२ | | | खोपको अवस्था : पालिकालाइ विभिन्न समयमा कोभिसिल, भेरोसेल र जोन्सन खोप गरी ११४५४ खोप प्राप्त भएको देखिन्छ । कूल जनसंख्या 21791 मध्ये ५ वर्ष माथि उमेर समुह 1154४ पहिलो डोज, 10459 दोस्रो डोज र 6931 जनाले बुस्टर खोप लगाएको देखिन्छ । खोप प्राप्ति र खोप लगाउनेको विवरण देहाय अनुसार छ ।<br><br>खोपको विवरण: सवै प्रकारको खोपको; प्राप्त परिमाण: ११४५४; खोप लगाउने संख्या: ११४५४; फिर्ता खोप: ०; बाँकी खोप: ० | |
| १८.३ | | | कोभिड परीक्षणः पालिकाले पेश गरेको विवरण अनुसार २०७९ असार मसान्तसम्म ५०६ जनामा एन्टिजेन परीक्षण गर्दा २२८ जना संक्रमित फेला परेको देखिन्छ । त्यसै गरी ३५८ जनाको परीक्षण गर्दा १०९ जना संक्रमित फेला परेको देखिन्छ । परीक्षण र परीक्षणको दर देहाय अनुसार रहेको देखिन्छ । | |

| खोपको विवरण | प्राप्त परिमाण | खोप लगाउने संख्या | फिर्ता खोप | बाँकी खोप |
|---|---|---|---|---|
| सवै प्रकारको खोपको | ११४५४ | ११४५४ | ० | ० |

| सि.नं. | परीक्षण विधि | परीक्षण संख्या | संक्रमित संख्या |
|---|---|---|---|
| १ | एन्टिजेन | 506 | 228 |
| २ | पीसीआर | 235 | 109 |

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td>बार्षिक प्रतिवेदन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>निर्माण व्यवसायीबाट काम गराएको</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>निर्माण व्यवसायीबाट काम गराएको: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्ने गरी छनोट भएका देहायका उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी रू. १६ करोड ३३ लाख ४१ हजारको सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराइ सोही बराबरको निर्माण व्यवसायीहरूको विल पेश गरेको देखियो । गाउँ पालिकाले उपभोक्ता समितिले व्यहोर्नु पर्ने योगदान समेत समावेश नगरी सम्झौता गरेको छ । नमुना छनोटको आधारमा परीक्षण गर्दा गाउँपालिकाबाट भुक्तानी भएको ९१६९६२६ भन्दा बढी निर्माण व्यवसायीबाट विल पेश गरेको देखिन्छ ।उपभोक्ता समितिको योगदान नभएको तथा निर्माण व्यवसायी र कार्यालयबीच मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेकोले गाउँपालिकाबाट भुक्तानी भएको रकमबाट नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्ने देखिएको रू.<br>
<table>
<tr><td>भौ.नं.</td><td>आयोजना</td><td>भुक्तानी</td><td>गापा अनुदान</td><td>निर्माण व्यवसायी</td><td>वील रकम</td></tr>
<tr><td>२४९-२०७९।१।२</td><td>पिपलपाटा मोटरबाटो स्तरोन्नति</td><td>१२६२०४</td><td>१३०००००</td><td>विहानी निर्माण सेवा</td><td>१२६०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>बस्नेत निर्माण सेवा</td><td>३७३६३७</td></tr>
<tr><td>२२२-२०७९।१२।१७</td><td>हर्राचौर मोटरबाटो मर्मत</td><td>६९८४००</td><td>७२००००</td><td>टिमुरे कन्ष्ट्रक्न</td><td>४५२०२३</td></tr>
<tr><td>१९४-२०७८।१२।१६</td><td>घुम्ती नौ डाडा मोटरबाटो</td><td>१३८००४</td><td>१५०००००</td><td>लक्ष्मी कष्ट्रक्सन</td><td>१५१४२०</td></tr>
<tr><td>१८५-२०७८।१२।९</td><td>रामपुर दाङसिङ मोटरबाटो</td><td>१८८९५०</td><td>२००००००</td><td>नाइजल निर्माण सेवा</td><td>१९६०७६</td></tr>
<tr><td>१७३-२०७८।११।२९</td><td>दह सालिमे दह मोटरबाटो</td><td>३७७४९७</td><td>४०००००</td><td>लक्ष्मी कष्ट्रक्सन</td><td>३९८८९०</td></tr>
<tr><td>१३९-२०७८।११।१३</td><td>गौराचौर खरेलटोल मोटरबाटो</td><td>९७०००</td><td>१०००००</td><td>,,</td><td>१००९०९</td></tr>
<tr><td>१२५-२०७८।११।१०</td><td>दुमका म्यालपोखरा मोटरबाटो</td><td>१४५०००</td><td>१५००००</td><td>विहानी निर्माण सेवा</td><td>१४९१६०</td></tr>
<tr><td>७४-२०७८।१०।१८</td><td>५,६,७ मोटरबाटो सफाई</td><td>११९९३८</td><td>१२५०००</td><td>लक्ष्मी कष्ट्रक्सन</td><td>१५०००६</td></tr>
<tr><td>६२-२०७८।१०।६</td><td>वडास्तरीय शाखा बाटो सफाई</td><td>८२४५००</td><td>८५००००</td><td>बमबम विल्डर्स</td><td>८५२०२०</td></tr>
</table></td><td>९,१६९,६२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५७-२०७८।१०।५ | साविक वार्ड नं. ९ मोटरबाटो सफाई | १९११२१ | २००००० | एभरग्रिन कन्ष्ट्रक्सन | १९८८०० | |
| | | | ५६-२०७८।१०।५ | धौलादिप तोष धारापानी मोटरबाटो | १९४००० | २००००० | लक्ष्मी कष्ट्रक्सन | १९६६२० | |
| | | | ४३-२०७८।९।५ | वडास्तरीय शाखा बाटो सफाई | ९७०००० | १०००००० | ,, | १०९६२०० | |
| | | | ३९-२०७८।९।२५ | शान्तिपुर रेगी टिमुरे मोटरबाटो | २४२५०० | २५०००० | बमबम विल्डर्स | २५७६४० | |
| | | | ३५-२०७८।९।२० | शान्तिपुर डाँडावन मोटरबाटो | २४२५०० | २५०००० | ,, | २५३१२० | |
| | | | ३०-२०७८।९।११ | वडास्तरीय शाखा बाटो सफाई | ४८५००० | ५००००० | नाइजल निर्माण सेवा | ५३०७८६ | |
| | | | २५-२०७८।९।११ | चारकोटे तल्लाफाँट मोटरबाटो | ४६७५७४ | ५००००० | विहानी निर्माण सेवा | २७७९८० | |
| | | | ४७१-२०७९।३।२५ | एक्लेपिपल कोट सिद्धबाबा मोटर बाटो | ७९५२५२ | १०००००० | विरेन्द्र कन्ष्ट्रक्न | ७१८६८० | |
| | | | ३९९-२०७९।३।३१ | एक्लेपिपल सिद्धबाबा मोटर बाटो | १४५२४४ | १५००००० | टिमुरे कन्ष्ट्रक्सन | १६९५०० | |
| | | | ३७८-२०७९।३।२० | शान्तिपुर चिसापानी नेटाका पोखरी | १५४६५६ | २५०००० | आइसा आरती निर्माण समिती | १३१४७३ | |
| | | | ३८१-२०७९।३।२० | मजुवा गेखङ्ग शान्तिपुर सडक | १९४००० | २००००० | बस्नेत कन्ष्ट्रक्सन | ८६२९९ | |
| | | | | | | | एभरग्रिन कन्ष्ट्रक्सन | ७९१०० | |
| | | | ३६९-२०७९।३।१६ | सानारघु चारनारे कालिपोखरी मोटर बाटो | १६९६७ | २००००० | सृगेश्वर निर्माण समिती | २०००१० | |
| | | | ३३१-२०७९।३।२० | गोबान्दिप विभुखर्क | ४५९८२५ | ५००००० | विदुषा कन्ष्ट्रक्सन | ५०२३९८ | |
| | | | ३२२-२०७९।२।३० | गोबान्दिप श्रृङ्गडाँडा मोटर वाटो | १४४८६९ | १५०००० | टिमुरे कन्ष्ट्रक्सन | ३७४३१२ | |
| | | | | | | | विदुषा कन्ष्ट्रक्सन | १५२०९८ | |
| | | | ३१३-२०७९।२।२५ | वसोर धारापानी मोटर वाटो | १४५५०० | १५०००० | श्रृगेश्वर निर्माण समिति | १५०२९० | |
| | | | ३०९-२०७९।२।१३ | शान्तिपुर चिसापानी मोटर वाटो | ४८५००० | ५००००० | अर्जुन विल्डर्स | ४९९३६९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २९९-२०७९।२।१७ | डाडापानी सुखियाटोल मोटर वाटो | ४७५२६० | ५००००० | वमवम सप्लायर्स | ३०१७१० |
| २९८-२०७९।२।१६ | भैरवा स्थान युवा क्लव खेलमैदान | ७१६७० | १००००० | वस्नेत कन्ष्ट्रक्सन | ७९३०० |
| २७५-२०७९।१।१४ | झोलुङ्गे पुल देखि छहरा सम्म मो.वा. | २४०९४१ | २५०००० | वमवम विल्डर्स | २५१०८६ |
| २७१-२०७९।१।१४ | झरना प्रा.वि. घडेरी व्यवस्थापन | १४५५०० | १५०००० | वमवम विल्डर्स | १५३११५ |
| २७०-२०७९।१।९ | अर्जेवा वायगौडा दिप्रुङ सालिने | १८६७५४ | २००००० | लक्ष्मी कष्ट्रक्सन | १९८८८० |
| जम्मा | | ९१६९६२६ | १५६९५००० | ० | ९८०८९०७ |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने व्यवस्था छ । माथिको तालिका अनुसार नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेबाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो। उपभोक्ता समितिले श्रम योगदान नगरेको र प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेकोले उपभोक्ता समितिको योगदान देखिएन ।

१९.२

हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । सिफारिस दिएकोमा समेत भुक्तानी दिने प्रयोजनको लागि मात्र सहमति दिने गरेको पाइयो । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।

| गो. भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यसायी | कूल मूल्यांकन | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ६९–२०७८।१०।७ | डकुवा भार्से खोला राव वौसदी मोटरबाटो | श्रृङ्गेश्वर निर्माण सेवा | ७७६११५ | ४९७२०० |
| ३०-२०७८।९।११ | वडास्तरीय शाखा बाटो सफाई | नाइजल निर्माण सेवा | ४८५४२० | ५३०७८६ |
| ६२–२०७८।१०।६ | वडास्तरीय बाटो सफाइ योजना | बमबम विल्डर्स एण्ड सप्लायर्स | ८२९७४० | ८५२०२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५७–२०७८।१०।५ | साविक वार्ड नं. ९ मोटरबाटो सफाई | एभरग्रीन कन्ष्ट्रक्सन | १९८०१० | १९८८०० | | |
| | | | | ५६–२०७८।१०।५ | धौलादीप तोष धारापानी मोटरबाटो | लक्ष्मी कन्ट्रक्सन | १९५९३४ | १९६६२० | | |
| | | | | ४३–२०७८।९।२५ | वडास्तरीय बाटो सफाइ योजना | लक्ष्मी कन्ट्रक्सन | ९७४४०० | ९८३१०० | | |
| | | | | २४९-२०७९।१।२ | पिपलपाटा मोटरबाटो स्तरोन्नति | विहानी निर्माण सेवा, बस्नेत निर्माण सेवा | १२६२३०४ | ५९९६३७ | | |
| | | | | २२२-२०७९।१२।१७ | हर्राचौर मोटरबाटो मर्मत | टिमुरे कन्ष्ट्रक्न | ६९८४०० | ४५२०२३ | | |
| | | | | १८५-२०७८।१२।९ | रामपुर दाङसिङ मोटरबाटो | लक्ष्मी कष्ट्रक्सन | १५१४२० | १५१४२० | | |
| | | | | १७३-२०७८।११।२९ | दह सालिमे दह मोटरबाटो | लक्ष्मी कष्ट्रक्सन | ४००२०० | ३९८८९० | | |
| | | | | ३८१-२०७९।३।२० | मजुवा गेखङ्ग शान्तिपुर सडक | बस्नेत कन्ष्ट्रक्सन | १९७००७५ | ८६२९९ | | |
| | | | | ३२७-२०७९।२।३१ | शान्तिपुर टिमोरे सडक स्तरोन्नती | रेसुङ्गा दर्शन कन्ष्ट्रक्सन | १२५७५८४ | ८०००४ | | |
| | | | | ३०९-२०७९।२।१३ | शान्तिपुर चिसापानी मोटर वाटो | अर्जुन विल्डर्स | ४८७०३७ | ४९९३६९ | | |
| | | | | २९९-२०७९।२।१७ | डाडापानी सुखियाटोल मोटर वाटो | वमवम सप्लायर्स | ४७६११७ | ३०१७१० | | |
| १९.३ | | | ४६२–२०७९।३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरण नहुने वडा कार्यालय भवनको कम्पाउण्ड तथा गेट निर्माण कार्यको लागि रू. ५ लाख विनियोजन गरेकोमा उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरी रू. ४८११४२।– यस्ता संरचनाहरूको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत हस्तान्तरण नहुने र उपभोक्ता समितिको गुणस्तरयुक्त कार्य गर्न योग्यता र क्षमता समेत नहुने हुँदा यस्तो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउनु नियम संमत नदिखएको रू. | | | | | | | ४८१,१४२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>पाइप मौज्दातः देहाय अनुसारका उपभोक्ता समितिलाई देहाय अनुसार पाइप खरिद गरेको वीलको आधारमा रु. भुक्तानी गरेको पाइयो । प्राविधिकले तयार पारेको नापी तथा कार्य सम्पन्न प्रतिवेदनमा खरिद परिमाण भन्दा घटी पाइप लेइङ गरेको देखाएको छ । उपयोग नभएको रू. ४३५६६४०।– को पाइप आगामी आर्थिक वर्षको कार्यक्रममा समावेश गरी पाइप उपयोग भएको प्रमाण पेश गर्नु पर्ने रू.
<table>
<tr><th>गो. भौ.नं./ मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>पाइप खरिद परिमाण</th><th>लेइङ परिमाण</th><th>बाँकी परिमाण</th><th>मूल्य</th></tr>
<tr><td>४६१–२०७९।३।२४</td><td>चन्द्रकोट खा.पा. तथा सरसफाई योजना</td><td>७७४६</td><td>५५६४</td><td>२१८२</td><td>२२४६४३</td></tr>
<tr><td>४३३–२०७९।३।२४</td><td>चन्द्रकोट खा.पा. योजना, मगरगाउँ</td><td>७४००</td><td>५७२०</td><td>१६८०</td><td>१५३४८७</td></tr>
<tr><td>३७०–२०७९।३।२२</td><td>चन्द्रकोट खा.पा. योजना, तुराङ</td><td>४१८०</td><td>३४५५</td><td>७२५</td><td>५७५१०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४३५६४०</td></tr>
</table></td><td>४३५,६४०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>उपभोक्ता समिति तर्फ</td><td></td></tr>
<tr><td>२०.१</td><td>४५७</td><td>२०७९-३-२४</td><td>अतिरिक्त वेष्टेजः नेपाल सरकारको स्वीकृत दर विश्लेषण नर्म्स नं. ७.५ अनुसार आर.सी.सी. सम्बद्ध कार्यका लागि फलामे डण्डीको कटिङ्ग बेण्डिङ्ग तथा प्लेसिङ्ग समेतका लागि ५ प्रतिशत सम्म थप गरी परिमाण गणना गर्न सकिने उल्लेख छ । कार्यालयबाट पेश भएको ड्रइङ्ग डिजाइन तथा बार शेड्युल अनुसार फलामे डण्डीको कूल परिमाण गणना गर्दा ल्यापिङ्ग उल्लेख गरी ५ प्रतिशत थप गरेको पाइयो । नापी किताबमा १६०.८५ के.जी. फलामे डण्डीको रू. १८९२२.४० थप लागत समावेश भएको पाइयो । स्वीकृत नर्म्स अनुसार ५% वेष्टेज बाहेक यसरी थप परिमाण समावेश गरी थप व्ययभार पारेको रू.</td><td>१८,९२२</td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.३ | | | **उपभोक्ता समिति उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ४१८ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. १६ करोड ३३ लाख ४१ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २१ | | | **नन्फाइलर**<br>**नन्फाइलर**– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू. १६६१७७७।- समेत रू. १४०९७०९४।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू. | १,६६१,७७७ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | नन्फाइलर रहेको मिति | बील रकम | मूअकर कर रकम |
|---|---|---|---|---|---|
| ४२०–२०७९।३।२२ | इन्जिनियरिङ्ग एण्ड इकोनोमिक कं.प्रा.लि. | 600328454 | २०७८।M।९ | २१४७८९४.५ | २४७१०२.९ |
| ४१३–२०७९।३।२२ | इन्जिनियरिङ्ग एण्ड इकोनोमिक कं.प्रा.लि. | 600328454 | २०७८।M।९ | ४९७१२८.४६ | ५७१९१.६६ |
| ३२३–२०७९।२।३१ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ४९२६८. | ५६६८. |
| ४६९–२०७९।३।२५ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ५६५००. | ६५००. |
| २८२–२०७९।१।१६ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ४९२६८. | ५६६८. |
| २७०–२०७९।१।९ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | १९८८८०।०० | २२८८०. |
| २६३–२०७९।१।८ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ४९२६८।०० | ५६६८. |
| २४३–२०७९।१।८ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ९९४४०।०० | ११४४०. |
| २४१–२०७९।१।८ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ४९९९३. | ५७५१. |
| २१९–२०७८।१२।१७ | इन्जिनियरिङ्ग एण्ड इकोनोमिक कं.प्रा.लि. | 600328454 | २०७८।M।९ | ८१९५४०. | ९४२८३.३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९४–२०७।१२।१० | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | १५१४२०. | १७४२०. | |
| | | | १८५–२०७।१२।९ | नाइजल निर्माण सेवा प्रा. लि. | 605977941 | २०७८।M।१० | १९६०७६.४७ | २२५५७.४७ | |
| | | | १७३–२०७८।११।२९ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | २९८८९०. | ३४३८५.५८ | |
| | | | १३९–२०७८।११।१३ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | १००९०९. | ११६०९. | |
| | | | ७४–२०७८।१०।१८ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | १२०००६. | १३८०६. | |
| | | | ५६–२०७८।१०।५ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | १९६६२०. | २२६२०. | |
| | | | ४३–२०७८।१०।५ | लक्ष्मी कन्स्ट्रक्सन | 117626874 | २०७८।M।९ | ९८३१००. | ११३१००. | |
| | | | गापा चालु तर्फ | | | | | | |
| | | | ३५७–०७९।१।७ | अलाना इन्टरनेशनल सर्भिसेस | ६०९५२१८४५ | २०७८।M।९ | १९६६२०० | २२६२००. | |
| | | | प्रदेश अनुदान तर्फ | | | | | | |
| | | | २४–२०७९।३।१९ | रूपाकोट स्वा.चौ. भवन | ६०६१९२०१५ | २०७८।M।१० | ६४१४२८१.४६ | ७३७९२६. | |
| | | | जम्मा | | | | १४०९७०९४.८९ | १६६१७७७ | |
| २२ | | | **क्याम्पस अनुदान**<br>**क्याम्पस अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा गर्न सक्ने कार्यहरु उल्लेख छ । पालिकाले क्याम्पस प्रध्यापक र कार्यालय सहयोगी गरी २ जनालाई ६ महिनाको तलब भता अनुदान बापत भौ.नं. २६।०७९।३।१५ बाट चन्द्रकोट क्यम्पसलाई रु २५०००० र भौ.नं. २८।०७९।३।१२ बाट मानका टिकाराम बहुमुखी क्याम्पसलाई रु २५००० गरी रु ५ लाख भुक्तानी दिएको नियमसंगत नदेखिएको रु. | | | | | | ५००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>कर असुली<br>बडिगाड खोला ठेक्काः बडिगाड नदीका विभिन्न बगर क्षेत्रका ढुङ्गा उत्खन्नका लागि आ व २०७८।७९ का लागि पालिकाद्धारा आह्वान गरिएको सूचनामा न्युनतम आह्वान अङ्क मु अ कर बाहेक रु २३८३७७८ रहेकोमा नाइजोल निर्माण सेवा प्रा लि तम्घासद्धारा रु २३८४००० मा कबोल भएको पाइयो ।पालिका र निर्माण सेवाबीच भएको सम्झौता अनुसार सम्झौताकै बेला ५०% ले हुन आउने रु ११९२००० दाखिला गर्नुपर्ने र बाँकी ५०% (रु ११९२०००) जेष्ठ मसान्तसम्ममा दाखिला गरिसक्नुपर्ने सम्झौता भएकोमा नाइजोल निर्माण सेवा प्रा लि ले रु ५००००० आ व २०७९।८० को मिति २०७९।४।२ मा दाखिला गरेको पाइयो ।तसर्थ सम्झौता अनुसार समयमा बक्यौता रकम दाखिला नगरेकोले नियमानुसार १०% ब्याज अनुरुप रु ५०००० नाइजोल निर्माण सेवा प्रा लि बाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु</td><td>५०,०००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सुरक्षित आवास<br>सुरक्षित आवास – सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनोटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र वितीय प्रबन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने व्यवस्था छ । कार्यालयले सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनोट र सिफारिश गरेको नामावलीको आधारमा १६१ घर निर्माणको लक्ष्य राखिएकोमा १०२ घर निर्माण सम्पन्न भएको विवरण कार्यालयले पेश गरेको छ । सुरक्षित आवास कायक्रमबाट प्रति घर २ किस्तामा ५० हजार भुक्तानी हुने यस कार्यक्रममा पहिलो किस्तामा ३० हजार, दोस्रो किस्तामा २० हजार भुक्तानी हुने व्यवस्था छ । यस आर्थिक वर्ष भित्र १२४ लाभग्रहीलाई प्रथम र दोस्रो किस्ता वापत रू. ५७ लाख ६० हजार भुक्तानी गरेको छ । यस प्रकारको वितरणमुखी कार्यमा खर्च गर्दा लाभग्राही छनौटको आधार, गत विगत वर्षमा यस प्रकारको सुविधा लिए नलिएको, जस्ता पाताको गुणस्तर तथा स्पेशिफिकेशन तयार गरी अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। यस्तो कार्यमा सुधार हुनु पर्दछ । यस वर्ष आवास निर्माणको लागि अनुदान पाउनेको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>किस्ता</th><th>भुक्तानी पाउने संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>पहिलो</td><td>१२४</td><td>३००००</td><td>3720000</td></tr>
<tr><td>दोस्रो</td><td>१०२</td><td>२००००</td><td>2040000</td></tr>
<tr><td>दोस्रो किस्ता लिन बाँकी</td><td>२३</td><td></td><td></td></tr>
<tr><td>कुनै किस्ता नलिने</td><td>३७</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>५००००</td><td>५७६००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>विद्यालय तर्फ</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>पाठ्यपुस्तक अनुदानमा खर्च भन्दा बढी निकासाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले</td><td>१७५,८८२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ ।कार्यक्रम कार्यान्वयन पुस्तिका२०७८।७९ को क्रियाकलाप नं २.४.६.१मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्त अनुदान दिने व्यवस्था छ ।पालिकाले भौ नं ८०।०७९।१।१२ बाट रु १६९३९६२ र भौ नं १२६।०७९।३।१९ बाट रु ४३६५८९ गरी जम्मा रु २१३०५५१ IEMIS विद्यार्थी संख्याका आधारमा निकासा दिएकोमा नमुना छनौटका आधारमा परिक्षण गर्दा देहायका विद्यालयहरुले देहायका कक्षाको पुस्तक निकासा रकम विद्यार्थी संख्या भन्दा घटी खरिद गरेकोले बढी निकासा रकम सम्बन्धित विद्यालयहरुबाट असुल गरी राजश्व दाखिला हुनुपर्ने रु

| कक्षा | विद्यार्थी संख्या | निकासा रकम | बिल अनुसार खर्च | बढी निकासा |
|---|---|---|---|---|
| ज्ञानोदय माध्यमिक विद्यालय | | | | |
| १ | ७७ | ३९९१७ | १३४६८ | २६४४९ |
| ७ | ७३ | ५४९२५ | ४२८६४ | १२०६१ |
| ९ | ७७ | ५९६२९ | ५१०८४ | ८५४५ |
| | | १५४४७१ | १०७४१६ | ४७०५५ |
| उदय माध्यमिक विद्यालय | | | | |
| १ | ३० | १५५१२ | ६७३९ | ८७७६ |
| २ | २८ | १५५९० | ७२३८ | ८३५२ |
| ४ | ३८ | २२९०६ | १८१२० | ४७८६ |
| ७ | ८७ | ६५४६९ | ४५९३३ | १९५२६ |
| | | ११९४७७ | ७८०३० | ४१४४० |
| हर्राचौर माध्यमिक विद्यालय | | | | |
| १ | १६ | ८२९४ | ३११० | ५१८४ |
| ४ | १३ | ७८३६ | ४२२८ | ३६०८ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | १२ | ८५५३ | ५७०४ | २८४९ | | |
| | | | | ९ | २२ | १७०३७ | ७२४८ | ९७८९ | | |
| | | | | | | ४१७२० | २०२९० | २१४३० | | |
| | | | | ग्वाघा माध्यमिक विद्यालय | | | | | | |
| | | | | १ | १७ | ८८१३ | ५७०२ | ३३११ | | |
| | | | | ३ | १६ | ९२९३ | ६३८० | १९१३ | | |
| | | | | ४ | २४ | १४४६७ | ७२३३ | ७२३४ | | |
| | | | | ७ | २० | १५०४८ | ७५३४ | ७५१४ | | |
| | | | | ९ | २९ | २२४५८ | १८९७१ | ३४८७ | | |
| | | | | १० | ४० | १९८६० | १७२७७ | २५८३ | | |
| | | | | | | ८९९३९ | ६३०९७ | २६०४२ | | |
| | | | | सरस्वती माध्यमिक विद्यालय | | | | | | |
| | | | | २ | १६ | ८९०९ | ८३५२ | ५५७ | | |
| | | | | ३ | १९ | ११०३५ | ९८७३ | ११६२ | | |
| | | | | ४ | २३ | १३८६४ | १०८५० | ३०१४ | | |
| | | | | ६ | २२ | १५६८२ | १०६९२ | ४९९० | | |
| | | | | ७ | ५० | ३७६२० | १५८०० | २१८२० | | |
| | | | | ९ | ३४ | २६३६० | २२४५७ | ३९०३ | | |
| | | | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>३७</td><td>१८८६७</td><td>१४३९८</td><td>४४६९</td></tr>
<tr><td></td><td></td><td>१३२३३७</td><td>९२४२२</td><td>३९९१५</td></tr>
<tr><td colspan="4">कुल बढी निकास रकम</td><td>१७५८८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।पालिकाले देहायका विद्यालयका शिक्षकहरुलाई बढी तलब र शिक्षक किताबखानाले प्रमाणित गरेको भन्दा बढी ग्रेड भता दिएकोले बढी भता देहायका शिक्षक कर्मचारिहरुबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं।मिति</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>पद</th><th>पाउनुपर्ने रु</th><th>पाएको रु</th><th>बढी</th><th>कैफियत</th></tr>
<tr><td>४-०७८।६।१७</td><td>उदय मा वि</td><td>विज्ञान न्यौपाने</td><td>उ मा वि प्रशिक्षक</td><td>९४७६०</td><td>१८४५२०</td><td>८९७६०</td><td>बढी तलब</td></tr>
<tr><td>४-०७८।६।१७</td><td>ज्ञानोदय मा वि</td><td>खिमानन्द अर्याल</td><td>नि मा वि तृतिय</td><td>१ * १३* १००७= १३०९१</td><td>७*१३*१००७= ९१६३७</td><td>७८५४६</td><td>बढी ग्रेड</td></tr>
<tr><td colspan="6">बढी भुक्तानी रकम</td><td>१६८३०६</td><td></td></tr>
</table>
</td><td>१६८,३०६</td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित ४१ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि पालिकाका कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि सामाजिक र आर्थिक लेखापरीक्षण गराएको पाइएन ।विद्यालयको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराई गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>दिवा खाजाः दिवा खाजा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले अनुदानको व्यवस्था गरेको छ । गाउँपालिकाले भौ नं ३४- ०७८।१०।१६ बाट रु २०२१८०५ भौ नं ८१-०७९।२।१२ बाट रु २७११७९० र भौ नं १२६-०७९।३।१९ बाट रु १४९१८५५ समेत जम्मा रु ६२२५४५० दिवा खाजाको लागि निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छनः (क) विद्यालयहरुको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.को अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र अनुदान निकासा दिने व्यवस्था छ । तर पालिका अन्तर्गत संचालित विद्यालयहरुमध्ये अधिकांश विद्यालयको हाजिरी प्र.अ. र वि.व्य.स.बाट प्रमाणित नगराई पेश गरेको र पालिकाले सोही आधारमा अनुदान रकम निकासा दिएकोले कार्यान्वयन पुस्तिकाको पालना गरेको पाइएन ।तर्सथ पालिकाले यस्तो निकासा गर्दा कार्यान्वयन तोके बमोजिम हाजिरी पुस्तिका प्रमाणित कागजातका आधारमा मात्र निकास दिनु पर्दछ । (ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा</td><td>१,७४४,३९४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी दिन आवश्यक वील, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ ।पालिकाले विद्यार्थी उपस्थितिको आधारमा देहायका विद्यालयहरुलाई बिल भरपाई भन्दा बढी निकासा दिएकोले बढी निकासा रकम ती विद्यालयहरुबाट असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु १७४४३९४ | |

| क्र सं | विद्यालको नाम | दिवा खाजा निकासा रकम | खर्च | बढी रकम |
|---|---|---|---|---|
| 1. | ज्ञानोदय माध्यमिक विद्यालय | ६०४००५ | ५६३८३६ | ४०१६९ |
| 2. | ग्वाघा माध्यमिक विद्यालय | २७५७१५ | १६००८० | ११५६३५ |
| 3. | ने रा चन्द्रोदय प्रा वि | ११२०९५ | ४२२४० | ६९८५५ |
| 4. | चण्डिस्थान प्रा वि | ५५४२५ | ३६३७० | १९०५५ |
| 5. | बालबोध नि मा वि | १४३६७० | ५१२१० | ९२४६० |
| 6. | डाँडावन प्रा वि | १७९९१० | १०२१२० | ७७७९० |
| 7. | महेन्द्र प्रा वि | ९७९९५ | ७८५९५ | १९४०० |
| 8. | नर्मदा प्रा वि | ६४१८५ | ५७४७० | ६७१५ |
| 9. | जनज्योती प्रा वि | १०३३८० | ६२९३० | ४०४५० |
| 10. | बालज्योती प्रा वि | १५९२४० | ११२३८० | ४६८६० |
| 11. | कालिका प्रा वि | २७१८० | १९४८५ | ७६९५ |
| 12. | खड्गदेव प्रा वि | ७३७८५ | ५२१७० | २१६१५ |
| 13. | जनसहयोग प्रा वि | ४५२२५ | ३६७२० | ८५०५ |
| 14. | सरस्वती प्रा वि ८ | १२९८७० | ३४९३५ | ९४९३५ |
| 15. | महेन्द्ररत्न नि मा वि | ७३४७० | ५२२३० | २१२४० |
| 16. | हिमालय नि मा वि ५ | १६११९० | ४९७४० | १११४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 17. | सन्तोषिमाता आ वि | ३८३४० | २८४५० | ९८९० | |
| | | | | 18. | शारदा मा वि अर्जेवा | ९८७०० | ६७६४५ | ३१०५५ | |
| | | | | 19. | भारती नि मा वि रेमी | १११००० | ८९०१० | २१९९० | |
| | | | | 20. | हरेवा नि मा वि | १३९११० | ११५४८५ | २३६२५ | |
| | | | | 21. | ईन्द्रचोक प्रा वि | १८७७२५ | ६०५२५ | १२७२०० | |
| | | | | 22. | हर्राचौर मा वि | १२९३०० | ८६८६५ | ४२४३५ | |
| | | | | 23. | जनता प्रा वि | ६५१०० | ५३४१५ | ११६८५ | |
| | | | | 24. | सरस्वती प्रा वि ३ | ११९४९० | १०४५७० | १४९२० | |
| | | | | 25. | शारदा मा वि रुपाकोट | २६१०४५ | १९३७८५ | ६७२६० | |
